आज मिति २०७८/०६/१८ गते बुधबारका दिन सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा DCCMC का अध्यक्ष श्री उमेश कुमार ढकालको अध्यक्षतामा बसेको जिल्ला Covid-19 Crisis Management Center सुनसरीको बैठकमा निम्न बमोजिमको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्र.जि.अ. श्री उमेश कुमार ढकाल | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| स.प्र.जि.अ. श्री आनन्द पौडेल | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| स.प्र.जि.अ. श्री महेश कुमार पोखरेल | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| प्र.से. श्री अर्जुन दुलाल | श्री कृष्णदल गण, इटहरी सुनसरी । |
| स.प्र.उ. श्री माधव प्रसाद पौडेल | श्री स.प्र.बल, नेपाल नं. ४ गण हे.क्वा., सुनसरी |
| उप.अ.नि. श्री नगेन्द्र दाहाल | श्री रा.अ.जि.का., सुनसरी |
| प्र.ना.उ. श्री नरेन्द्र कुमार कार्की | श्री जिल्ला प्रहरी कार्यालय, सुनसरी |
| मे.सु. डा. अनिल आचार्य | श्री ईनरुवा अस्पताल, सुनसरी । |
| प.नि.अ. श्री शेर वहादुर कालिकोटे | श्री स्वास्थ्य कार्यालय, सुनसरी |

**निर्णय**

१. जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम अवस्था विश्लेषण गर्दा सतर्कता अपनाउनु पर्ने अवस्था विद्यमान रहेकोले हाल जारी रहेको आदेशलाई केही सरलिकृत गरी मिति २०७८/०६/३१ गते आइतबार सम्मका लागि निरन्तरता दिने ।

२. गृह मन्त्रालय, शा.सु. तथा अ.नि. शाखाको च.नं. ६२२ मिति २०७८/०६/१३ को पत्रवाट लेखि आए अनुसार चिनी, तेल, लगायत दैनिक उपभोग्य वस्तुको अस्वभाविक मूल्य वृद्धि भइरहेको गुनासो समेतलाई ध्यानमा राखी सवै तह र निकायले अनिवार्य रुपमा नियमित बजार अनुगमन गर्ने/गराउने ।

३. कोभिड-१९ सम्बन्धी विषयका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपिषद्को मिति २०७८/०६/०५ को निर्णय बैठकमा जानकारी गराइयो । तत्सम्बन्धमा, भएका निर्णयहरु सवै तह र निकायले कार्यान्वयन गर्ने/गराउने ।

४. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०६/११ गतेको निर्णय बमोजिम स्थल मार्गवाट नेपाल प्रवेशको लागि साविकमा तोकिएका अन्तराष्ट्रिय सीमा नाकाहरू खुला गर्ने ।